नेपाल सरकार
गृह मन्त्रालय

# श्री सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, काठमाण्डौं ।

## शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०६५/११/१८ गते)

सशस्त्र प्रहरी बल प्रधान कार्यालय हलचोकमा यसै आ.ब.०६५/०६६ मा हुने निम्न उल्लेखित निर्माण कार्य शिलबन्दी दरभाउपत्रको माध्यमबाट सम्पन्न गर्नु पर्ने भएको हुंदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१) दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिन कार्यालय समय सम्म चालु आ.व.को लागि नविकरण भएको इजाजत पत्र, आयकर एवं मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी सशस्त्र प्रहरी वल प्रधान कार्यालयबाट खरिद गर्न सकिने छ । खरिद भएका दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० वजे सम्ममा सशस्त्र प्रहरी वल प्रधान कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी सशस्त्र प्रहरी वल प्रधान कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

२) यस कार्यालयबाट विक्रि भएका दरभाउपत्र फाराममा भर्नु पर्ने सम्पूर्ण पानाहरु भरी पेश गर्नु पर्नेछ । दर्ता भएका दरभाउपत्र फारामहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १४:०० बजे गठित मुल्याङ्कन समिति, सरकारी प्रतिनिधीहरु र दरभाउपत्र दाता वा निजका प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयको हाता भित्र खोलिने छ ।

३) दरभाउपत्र फाराम बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

४) शिलवन्दी दरभाउपत्र फाराम साथ जमानत वापत कबोल अंकको २.५ प्रतिशत रकम नेपाल राष्ट्र बैंक, थापाथलीमा सशस्त्र प्रहरी वल प्रधान कार्यालयको नाममा रहेको धरौटी खाता नं. स.अ. १३१८६१/०६५ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट सशस्त्र प्रहरी वल प्रधान कार्यालयको नाउमा जारी गरिएको दरभाउपत्र जमानत (दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम मितिवाट ७५ दिनसम्म म्याद भएको) पेश गर्नु पर्नेछ ।

५) दरभाउपत्र दाताले दरभाउपत्र फाराममा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र फाराममा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउंमा दरभाउपत्र दाताको सही छाप भएको हुनु पर्नेछ ।

६) दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा वुझ्नु परेमा सशस्त्र प्रहरी वल प्रधान कार्यालय, मद्दती तथा सेवा निर्देशनालयमा सर्म्पक राख्न सकिने छ ।

७) दरभाउपत्रदातालाई दरभाउपत्र पेश गर्नु अगाडी आफ्नै खर्च र जिम्मेवारीमा कामको स्थलगत भ्रमण गरी कामको वारेमा स्थलगत जानकारी लिन अनुरोध गरिएको छ ।

८) म्याद नाघी आएको, रीत नपुगेको र सशर्त पेश भएको दरभाउपत्र फारामहरु मान्य हुने छैन ।

९) दरभाउपत्र फाराम स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सशस्त्र प्रहरी वल प्रधान कार्यालयमा निहित रहनेछ ।

१०) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम हुनेछ ।

११) यो सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको Website : www.ppmo.gov.np मा समेत उपलब्ध छ ।

| सि.नं. | कार्यालयको नाम / स्थान | कामको विवरण/निर्माण स्थल | स्वीकृत ल.ई. (भ्याट र कन्टिन्जेन्सी बाहेक) | दरभाउपत्र फाराम दस्तुर (फिर्ता नहुने गरी) |
|---|---|---|---|---|
| १ | सशस्त्र प्रहरी बल प्रधान, कार्यालय, हलचोक, स्वयम्भू, काठमाण्डौ । | ह्यूम पाईप बिछ्याउने तथा अन्य सिभिल निर्माण कार्यहरु, हलचोक, स्वयम्भू, काठमाण्डौ । | रु.६,६६,५३२।१२ | रु.३,००।०० |